# लम्कीचुहा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भल्का, कैलाली
## सुदूरपश्चिम प्रदेश, नेपाल

**करार सेवामा कर्मचारि पदपुर्ति गर्ने सम्बन्धि सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७९।११।२८)

प्रस्तुत विषयमा यस लम्कीचुहा नगरपालिकाको कार्यालयका लागि निम्नानुसारका पदहरुमा देहायको संख्यामा कर्मचारीहरु आवश्यक परेको हुँदा तोकिएका पदहरुमा सेवा करार मार्फत कर्मचारीहरु पदपूर्ति गर्नुपर्ने भएकोले तपशील बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग बमोजिमको विवरण र राजश्व तिरेको सक्कल रसिद सहित यस कार्यालयमा निवेदन पेश गर्नहुन अनुरोध छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/०७९/०८० | सूचना प्रविधी अधिकृत | स्थानीय तहको छैठौं तह सरह | १ | |
| २ | ०२/०७९/०८० | पशु चिकित्सक | स्थानीय तहको छैठौं तह सरह | १ | |
| ३ | ०३/०७९/०८० | कृषि अधिकृत | स्थानीय तहको छैठौं तह सरह | १ | |
| ४ | ०४/०७९/०८० | कम्प्यूटर अपरेटर | स्थानीय तहको पाँचौ तह सरह | १ | |
| ५ | ०५/०७९/०८० | सव इन्जिनियर (ल्याव टेक्निसियन) | स्थानीय तहको पाँचौ तह सरह | १ | |
| ६ | ०६/०७९/०८० | नायव पशु सेवा प्राविधिक | स्थानीय तहको चौथो तह सरह | १ | |
| ७ | ०७/०७९/०८० | हलुका सवारी चालक | श्रेणी विहिन | १ | |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः-**

क. **सूचना प्रविधी अधिकृतको लागि :** मान्यताप्राप्त शिक्षण संस्थाबाट Computer वा Information Technologies वा सो सरहको विषयहरुमध्ये कुनै एक विषय लिई स्नातक तह (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSCIT, BSCCSIT) उतीर्ण गरेको।

ख. **पशु चिकित्सकका लागि :** पशुपन्छी विज्ञानतर्फ मान्यताप्राप्त शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा B.VSc & A.H/ B.V.Sc. वा सो सरहको स्नातक तह उतीर्ण गरि नेपाल पशु चिकित्सा परिषदमा दर्ता भएको।

ग. **कृषि अधिकृतका लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह उतीर्ण गरेको।

घ. **कम्प्यूटर अपरेटरका लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त।

ङ. **सव इन्जिनियर (ल्याव टेक्निसियन) का लागि) :** मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा डिप्लोमा तह उतीर्ण गरि कम्तिमा एक वर्ष इन्जिनियरिङ्ग ल्याबमा कार्य अनुभव भएको साथै ढुंगा, गिट्टी, बालुवा ब्यूटिसियन, कंक्रिट, डण्डी लगायतका निर्माण सामाग्रीहरुको परिक्षण गरि प्रतिवेदन तयार गर्न सक्ने क्षमता भएको।

च. **नायव पशु सेवा प्राविधिकका लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टी.ए. (पशु विज्ञान, पशुपालन, पशु स्वास्थ्य) विषयमा तालिम प्राप्त वा कृषि (पशुपालन, पशु स्वास्थ्य) विषय लिई टी.एस.एल.सी. उत्तीर्ण

छ. **हलुका सवारी चालकका लागि :** सामान्य लेखपढ गर्न जानेको र हलुका सवारी चालक अनुमति पत्र लिएको।

शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

२. **उमेर हद:** सहायकस्तरको पदको लागि १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको र अधिकृतस्तरको पदका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

३. **दरखास्त दिने स्थान:-** लम्कीचुहा नगरपालिकाको कार्यालय, भल्का, कैलाली

४. **दरखास्त दिने अन्तिम मिति:-**२०७९/१२/१२ गतेसम्म

५. **दरखास्त दस्तुर:** अधिकृतस्तरको पदका लागि रु. १२००।–, सहायक पाँचौ तहको पदका लागि रु. ७००।– , सहायक चौथो तहका लागि रु. ४००।– , श्रेणी विहिन पदका लागि रु. ३००।-

६. **छनौटको किसिम:-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परिक्षा ( प्रारम्भिक योग्यताक्रमको सूचीमा परेका उम्मेदवारहरुको लागि मात्र), अन्तरवार्ता र आवश्यकता बमोजि प्रयोगात्मक परिक्षा समेत।
(सवारी चालकको लागी प्रयोगात्मक परिक्षा र अन्तरवार्ता मात्र हुनेछ )

७. **आवेदन साथ संलग्न कागजातहरु:-** आवेदक स्वयमले प्रमाणित गरेका देहाय बमोजिमका कागजातहरुको प्रतिलिपि:-

   क. नागरिकताको प्रमाण पत्र
   ख. न्यूनतम शैक्षिक योग्यताको लब्धांक प्रमाण पत्र
   ग. चारित्रिक प्रमाण पत्र
   घ. अनुभव भए सो खुल्ने आवश्यक कागजात
   ङ. २ प्रति पासपोर्ट साईजको फोटो
   च. अन्य दर्ता प्रमाण पत्र वा अनुमति पत्र आवश्यक पर्ने भएमा सोही बमोजिमका प्रमाणपत्र

८. **सेवा सुविधा:-** प्रचलित कानून र नगर कार्यपालिकाको निर्णय बमोजिम

९. **सम्पादन गर्नुपर्ने कार्यविवरण:-** प्रचलित कानूनले तोके बमोजिम

१०. **आवेदन पाईने स्थान:-** लम्कीचुहा नगरपालिकाको कार्यालय, भल्का, कैलाली।

लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भल्का, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत